# किसान सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका वडा नं. ४, बर्दिया


कार्य
डिप्लनेडी
२०८३/३/४

मितिः- २०८३/०३/०४

प.सं.: २०८२/०८३

च.नं.: ७१

**विषयः- सच्चाईएको सूचना वेभसाईटमा अपलोड गरी जानकारी पठाईदिने सम्बन्धमा।**

श्री डिभिजन वन कार्यालय,
गुलरिया, बर्दिया।

प्रस्तुत विषयमा यस समूहबाट मिति २०८३/०२/२६ गते **मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा** पहिलो पटक प्रकाशित काठको बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी विस्तृत सूचनामा लिलाम बिक्री हुने काठ/दाउराको संकलन खर्चको रकम फरक परेको हुँदा सच्चाईएको विस्तृत सूचना पाना थान २ यसै पत्रसाथ संलग्न राखी पठाईएको छ। तहाँ कार्यालयको वेभसाईटमा अपलोड गरी सो को जानकारी यस समूहमा पठाईदिनुहुन अनुरोध छ। साथै वन तथा वातावरण मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), दाङ र वन निर्देशनालय, बुटवल, रुपन्देहीको वेभसाईटमा समेत अपलोड गर्नका लागि आवश्यक सहयोग गरिदिनुहुन सादर अनुरोध छ।

.............................
सिताराम थारु
अध्यक्ष

दर्ता नं. ३२०
मिति :- ३/४

# किसान सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका वडा नं. ४, माचड, बर्दिया

## गोलिया काठ तथा दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मितिः २०८३/०२/२६ गते मंगलबार

सच्चाईएको सूचना प्रकाशन मितिः २०८३/०३/०४ गते बिहिबार

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको च.नं. ४६७० मिति २०८३/०१/२९ गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना **मध्यान्न राष्ट्रिय दैनिक** पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट २१ औं दिनभित्र कार्यालय समयभित्र शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको २:०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिल

| लट नं. | घाटगद्धी स्थान | पाईलिङ्ग नं. | क्र. सं. | जात | ग्रेड | गोलिया थान | परिमाण (घ.फि.) | दर रु. | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| BA/13/14-a01-01-2083/02/26-p | समूहको घाटगद्धी मा | २ , ४ र ५ | १ | साल | ए | ५ | ७३.१० | १२५० | ९१३७५.० | १३६९१२.० | |
| | | | २ | साल | बि | ३८ | ५३९.४३ | ९०० | ४८५४८७.० | | |
| | | | ३ | साल | सि | ३६ | १६५.५३ | ६०० | ९९३१८.० | | |
| | | | ४ | साल | डि | २ | ३.०६ | ३०० | ९१८.० | | |
| | | | ५ | कर्मा | ए | ३ | ५८.०२ | ४०० | २३२०८.० | | |
| | | | ६ | कर्मा | बि | ९ | ७९.५१ | ३०० | २३८५३.० | | |
| | | | ७ | कर्मा | सि | २९ | १३२.८५ | १०० | १३२८५.० | | |
| | | | ८ | सिरिस | बि | ३ | १९.७१ | २०० | ३९४२.० | | |
| | | | ९ | कुसुम | N | ५ | ४२.७२ | १०० | ४२७२.० | | |
| जम्मा | | | | | | १३० | १११३.९३ | | ७४५६५८.० | १३६९१२.० | |
| BA/13/14-a01-02-2083/02/26-p | समूहको घाटगद्धी मा | साल अन्य मिश्रित दाउरा (२०'x५'x५' को) २.०० चट्टा | | | | | | ८०००.० | १६०००.० | १६८००.० | |
| कुल जम्मा | | | | | | | | | ७६१६५८.० | १५३७१२.० | |

**शर्त तथा नियमहरु:**

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०३/१५ गते मंगलबार  ख) समयः कार्यालय समयभित्र

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०३/१६ गते बुधबार  ख) समयः मध्यान्ह २:०० बजेसम्म

३) बोलपत्र खोल्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०३/१७ गते बिहीबार  ख) समयः बिहान २:०० बजे

४) बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट **मध्यान्न राष्ट्रिय दैनिक** पत्रिकामा मिति २०८३/०२/२६ गते मंलबार सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनको मध्यान्ह २:०० बजेसम्म यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट दर्ता गर्न सकिनेछ।

५) खरिद गरिएका बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम यस सामुदायिक वनको नाममा राष्ट्रिय वाणिज्य बैङ्क, गुलरियामा रहेको ब.हि.नं. ४१४०१००००८४९४००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगढ्ढी स्थलमा गइ हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन ईच्छुक काठ तथा दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा समूहको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेखु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

१२) कटान मुछान तथा घाटगढ्ढी खर्च छुट्टै बुझाउनु पर्नेछ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समूहमा निहित रहने छ।

१५) अन्य जानकारीको लागि कार्यालय समयमा यस समूहमा सम्पर्क राख्न सकिनेछ।

१६) बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दर्ता गर्न सकिनेछ साथै दर्ता गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

आज मिति २०८३ साल असार ४ गतेका दिन पम- जिल्ला सामुदायिक वन उपभोक्ता समूह मधुबन - न.पा ४ मा यस कार्यालय अध्यक्ष श्री सितराम थारु ज्यूको अध्यक्षतामा बैठक बसेर निम्न अनुसारको तपसिल बमोजिम निर्णय गरियो।

तपसिल

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | सितराम थारु | सितराम |
| २. | उपाध्यक्ष | सुनरानी थारु | सुनरानी |
| ३. | कोषाध्यक्ष | कालकुमारी थारु | कालकुमारी |
| ४. | सचिव | सितराम चौधरी | सितराम |
| ५. | सह सचिव | आशा रानी थारु | आशारानी |
| ६. | सदस्य | रामेश्वर थारु | रामेश्वर |
| ७. | ,, — ,, | फुलिया थारु | फुलडिया |
| ८. | ,, — ,, | हिकारानी थारु | हिकारानी |
| ९. | ,, — ,, | सावित्री पौरैया | सावित्री |
| १०. | ,, — ,, | जानकी थारु | [illegible] |
| ११. | ,, — ,, | नाम बहादुर पुनमगर | नाम |
| १२. | सल्लाहकार | गोविन्द प्र. सिग्देल | गोविन्द |
| १३. | ,, — ,, | पदम बहादुर थारु | पदमबहादुर |
| १४. | ,, — ,, | सेमलाल थारु | सेमलाल |
| १५. | ,, — ,, | | |
| १६. | गाउँ बडघर | कल बहादुर थारु | [illegible] |
| १७. | संयोजक | हरिकृष्ण थारु | हरिकृष्ण |
| १८. | सदस्य ,, | लौटीराम थारु | [illegible] |
| १९. | ,, — ,, | सन्तराम थारु | सन्तराम |
| २०. | ,, — ,, | सिता जानकी थारु | सितजानकी |
| २१. | ,, — ,, | तुलसीराम थारु | तुलसीराम |
| २२. | ,, — ,, | राम दुलारी थारु | रामदुलारी |
| २३. | ,, — ,, | भगिराम थारु | भगीराम |
| २४. | ,, — ,, | कृष्णी चौधरी | |
| २५. | ,, — ,, | फूलराम थारु | फुलराम |
| २६. | ,, — ,, | कनैया थारु | |

२६. – रामेश्वर चौधरी

२८.

## प्रस्ताव र निर्णय

प्रस्ताव नं. १ सच्चाईको सूचना वेभसाईटमा अपलोड गर्ने सम्बन्धमा

प्रस्ताव नं. १ निर्णय नं. १ माथी छलफल तथा सरसल्लाह गर्दा यस सा.व.उ.स.ले डिभिजन वन कार्यालय कञ्चनपुरको च.नं. ४६६० मिति २०७३/०१/२६ गतेको लिलाम सहमति पत्र अनुसार यस समुहबाट मिति २०७३/०२/२६ मा महाकाली राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक काठ/दाउराको लिलाम बिक्री सम्बन्धी विस्तृत सूचनामा काठ/दाउराको संकलन खर्चको रकम फरक परेको हुँदा, उक्त फरक परेको विस्तृत सूचना सच्चाई वेभसाईटमा अपलोड गर्नको लागि डिभिजन वन कार्यालय कञ्चनपुरलाई अनुरोध गर्ने भनि निर्णय पारित गरियो।

सुनरानी

सितारानी

जगतराम

सावित्री

पूरनराम

आशारानी